जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक २६ २०७९ साल माघ २२ गते आइतवार (5 Feb 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** आगलागीबाट हुने क्षती रोक्न ... **पृष्ठ ३ मा :** क्यान्सर रोकथाम तथा नियन्त्रणको ... **पृष्ठ ५ मा :** लोकतन्त्र बलियो हुन प्रेस ... **पृष्ठ ५ मा :** बृहस्पतिमा बयानब्बे वटा ...

# नेपाल भारतबीचको सम्बन्ध अझ प्रगाढ हुनुपर्छ : वक्ताहरु



**राजविराज**/नेपाल भारत बीचको सम्बन्ध दशकौंदेखी चलिआएकोले यो सम्बन्ध अझ प्रगाढ हुनुपर्ने एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

राष्ट्रिय एकता अभियान सप्तरीले शनिबार राजविराजमा आयोजना गरेको "विकास क्षेत्रमा नेपाल भारत सहयोग" विषयक विचार गोष्ठीका वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

आयोजित गोष्ठीमा नेपालका विभिन्न जिल्लाहरुमा भारत सरकारले गरिरहेको विभिन्न सहयोग स्वागत योग्य रहेको भन्दै वक्ताहरुले यस्ता सहयोग आगामी दिनहरुमा निरन्तर रहने विश्वास समेत व्यक्त गरे । उनीहरुले भारत सरकारले नेपालको शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा निरन्तर सहयोग गरिरहेको स्मरण गराउँदै यस्ता सहयोगले मुलुकको विकासमा ठेवा पुगेको उल्लेख गरे ।

नेपालको भारतसँग पारिवारिक सम्बन्ध, व्यापारीक सम्बन्ध, धार्मिक सम्बन्ध समेत सदिऔंदेखी जोडिएकाले यस्ता सम्बन्धलाई अझ प्रगाढ गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह खेल्नु पर्ने वक्ताहरुले जिकिर गरे ।

राष्ट्रिय एकता अभियान सप्तरी संयोजक सुनिता चौधरीको अध्यक्षता, नेपाली काँग्रेसका जिल्ला उपसभापति रामकुमार यादवको प्रमुख आतिथ्य तथा अभियानकी केन्द्रिय उपाध्यक्ष सुनिता साहको विशिष्ठ आतिथ्यमा आयोजित विचार गोष्ठीमा हरिदेव राम, राहुल रजक, प्रमिला साह, प्रविण बानु, डम्बर नारायण साह, यूवा नेता दिपेन्द्र चौधरी, बरिष्ठ पत्रकार अनिल कुमार अनल, पत्रकार दिनानाथ यादव, पूर्वप्रअ नथुनी दास, किरण कुमारी राय, अर्जुन कुमार यादव लगायतले नेपाल भारतबीचको सम्बन्ध र नेपालको विकासमा भारतले पुऱ्याइरहेको योगदान बारे चर्चा गरेका थिए ।

सोही गोष्ठीमा अभियानका सल्लाहकार सागरविर कडारीले नेपाल भारत सहकार्य सम्बन्धी दस्तावेज प्रस्तुत गरेका थिए ।

# कोशी पीडित संघर्ष समितिले क्षतिपूर्तिको माग गर्दै राजदुतसमक्ष बुझाए ज्ञापन

**राजविराज**/कोशी नदी कटान डुवान पीडित संघर्ष समितिले कोशी नदीको निर्माणका समयमा भारत सरकारले दिने भनिएको क्षतिपूर्ति हालसम्म पनि नेपाली जनताले नपाएको भन्दै भारतीय राजदुत नवीन श्रीवास्तवसमक्ष ज्ञापन पत्रमार्फत ध्यानाकर्षण गराएको छ ।

अस्पताल तथा विद्यालयको उद्घाटन गर्न शुक्रबार राजविराज आइपुगेका भारतीय राजदुत श्रीवास्तव समक्ष संघर्ष समितिका संयोजक महिदेव चौधरी र सचिव काशिम अंसारीले ज्ञापन पत्र दिँदै ध्यानाकर्षण गराएका हुन् ।

बुझाइएको ज्ञापन पत्रमा सन् १९५४ मा भारत सरकार र नेपाल सरकारबीच भएको कोशी सम्झौता अन्तरगत १९२ वर्ष उक्त जमिन लिजमा लिने सम्झौता भएपनि हालसम्म नेपाली पक्षले क्षतिपूर्ति नपाएको उल्लेख छ ।

उक्त समयमा कोसी ब्यारेज निर्माणपछि उदयपुरको भागलपुरदेखि सप्तरीको भारदह, लिल्जा, डलवा, योगिनिया, हनुमाननगर, नरहा, बरहा, सर्बाहा लगायतका मौजाहरु र सुनसरीको करिब ७ हजार परिवारका २५ हजार ३ सय ९ बिगहा १० कठा १२ धुर जग्गा कटान भएको जसको मुआब्जा र क्षतिपुर्ती भारतले तिर्न बाकी रहेको छ ।

# मधेश प्रदेशको मन्त्रिपरिसद् बिस्तार, सप्तरीबाट दुई मन्त्रि

**जनकपुर**/मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिसद् बिस्तार गरेका छन् । उनले शुक्रबार ६ मन्त्री र तीन राज्यमन्त्री नियुक्त गरेका छन् । मन्त्रिपरिसद् बिस्तार भएसँगै मधेश प्रदेशमा १० मन्त्री तथा ३ राज्य मन्त्रि भएका छन् ।

मधेश सरकारमा सप्तरीबाट दुई जना मन्त्री बनेका छन् । जनमत पार्टीका मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादव शिक्षा, बिज्ञान तथा बाणिज्य तथा नेकपा एमालेका राजकुमार लेखी कानून न्याय तथा प्रदेश मामिला मन्त्री भएका छन् ।

यस्तै सुरिताकुमारी साह सामाजिक बिकास, शत्रुधनप्रसाद सिंह गृह तथा सञ्चारमन्त्री, सिंहासन कलवार खानेपानी तथा उर्जा विकास र मोहम्मद जयद खाँ आलम महिला तथा बालबालिका, युवा तथा खेलकुदमन्त्री बनेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार


## तपाईंकै सहर राजविराजमा


आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :-** ९८०५७११२२२
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बलात्कारका घटनालाई जडैबाट उखालेर फाल्न सबै अग्रसर होऔं

समाजमा बलात्कारका घटनाहरु हुनु अत्यन्त निन्दनिय कार्य हो । पाशविक मानसिकता भएकाहरु महिलालाई उपभोग्य बस्तु ठानेर बलात्कारका घटना बढाएका छन् । बालिकादेखि वृद्धासम्म यस्ता घटनाका शिकार हुने गरेको घटना सार्वजनिक हुँदा हाम्रो समाज मुकदर्शक बनिरहेको छ । महिला अस्मिता रक्षा र महिला अधिकारको संरक्षणले पार्न सभ्य समाजको निर्माण हुन्छ । यस्ता घटनाले महिला जगतलाई आतंकित आउँछ भने सम्पूर्ण सभ्य समाज यस्ता कुकृत्यले स्तब्ध र आक्रोशित बन्नु स्वाभाविक हो ।

नयाँ नेपालको सपना बोकेको हामी नेपाली यस्तो पाशविक युगमा अहिले पनि बाँचिरहेका छौं, जहाँ महिलाहरुलाई मानव भन्दा पनि उपभोग्य वस्तुका रुपमा बुझिरहेका छौं । हामी अहिले पनि घोर अत्याचारको युगमा बाँचिरहेका छौं, जस्तो अनुभव हुने गर्दछ । बलात्कार वा बलात्कार प्रयासका घटना हाम्रा समाजको कलंकका रुपमा रहे झैं महिलालाई बोक्सीका नाममा, विधुवाका नाममा र यस्ता अनेकानेक घटनाहरुमा प्रताडित, उपभोग र तिस्कृत गरिने घटनाहरु हाम्रा अगाडि दिनहुँ जसो आइरहेका हुन्छन् ।

तसर्थ अधिकारका लागि लड्न हामी अगाडी आउनु जरुरी छ भने यस्ता व्यभिचारीको विषदन्तलाई जडैबाट उखालेर फाल्न सबै अग्रसर हुनैपर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आगलागीबाट हुने क्षती रोक्न सचेतनामूलक सांकेतिक अभ्यास र उद्धारकला प्रदर्शन

**राजविराज**/राजविराजस्थित राजरंगशालामा आगलागीबाट हुने क्षती रोक्न सचेतनामूलक सांकेतिक अभ्यास र उद्धारकला प्रदर्शन गरिएको छ ।

विपदका कारण हुने सम्भावित क्षती न्युनिकरण गर्ने उद्देश्यले जिल्ला विपद ब्यवस्थापन समितीले नेपाली सेनाको बरख गण, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल ६ नम्बर गणको सहकार्य तथा जिल्ला प्रशासन कार्यालयको समन्वयमा उक्त साँकेतिक अभ्यास र उद्दारकला प्रदर्शन गरेको हो ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको अध्यक्षता तथा नेपाली सेनाको २७ नम्बर बाहिनीका बाहिनीपती सहायक रथी भरत चन्द्र गुरुङको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बरख गणका गणपती एवं प्रमुख सेनानी दुर्गा बहादुर थापा, सेनानी रितेश केसी, राजविराज नगरपालिकाको कार्यबाहक नगरप्रमुख इसरत प्रविण, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, रेडक्रस सोसाईटी शाखाका सभापती जोगेन्द्र भगत, सशस्त्र प्रहरीका डिएसपी नविन सिह राई, राष्ट्रिय अनुसन्धान कार्यालयका निर्देशक टिका प्रसाद पोखरेल, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद सदस्य मनोज कुमार माझीका साथै ठुलो संख्यामा उपस्थित सर्वसाधारण सामु बरख गणका सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राजविराज नगरपालिका बारुणयन्त्र विभागका तालिम प्राप्त उद्दारकर्ताहरुले आफ्नो कौशल देखाएका थिए ।

सप्तरीमा २०७७/०७८ मा ६५, २०७८/०७९ मा ६७ र २०७९/०८० को हाल सम्ममा आगलागीका १३ घट्ना भएको प्रहरी तथ्याङ्ले देखाएको छ । आगलागीबाट करोडौको क्षती हुनुका साथै यस अवधीमा जलेर २ जनाको मृत्यु समेत भएको छ ।

# कर्मचारी सहिद प्रभुको सालिक स्थापना

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउपालिका ८ स्थित तोपा बजारमा कर्मचारी सहिद प्रभु नारायण यादवको सालिक स्थापना गरिएको छ ।

उनको स्मृती एवं सम्मानमा गृह गाउँमा एक कार्यक्रमबीच सालिक स्थापना गरिएको हो ।

सालिकको अनावरण तथा पुष्पगुच्छा अर्पण गर्दै प्रमुख अतिथी प्रतिनीधीसभा सदस्य दिनेश कुमार यादवले स्व. यादव कतर्ब्य कर्मचारी मात्र नभई प्रजातन्त्र प्राप्ति र सामाजिक रुपान्तरणमा समेत योगदान गरेको ब्यक्तित्व भएको बताए ।

प्रास्तावित शहिद प्रभु नारायण स्मृती प्रतिष्ठानका अध्यक्ष अवधेश कुमार झाको अध्यक्षतामा आयोजित सालिक अनावरण समारोहमा प्रदेश सभासदस्य सतिष कुमार सिंह, सकिल मिया, निलम देवी रजक, जिल्ला समन्वय समितीका प्रमुख शिव नारायण साह, निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियनका अध्यक्ष अजय कुमार झा, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देव, नेपाली काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डल लगायतले सहिदको सम्मान र उनका परिवारजनलाई राज्य पक्षबाट उचित सहयोग प्राप्त गर्नु पर्नेमा जोड दिएका थिए ।

तिलाठी कोइलाडी गाउँपालिका ८ बभनगामाकट्टीमा जन्मेका यादव तत्कालिन जिल्ला विकास समिती सप्तरीको नायब सुब्बा पदमा कार्यरत थिए । २०६४ साल कार्तिक १२ गते साँझ कार्यालयको काम सकेर मोटरसाईकल चढी घर फर्किंदै गर्दा राजविराज-हनुमाननगर सडक खण्ड अर्न्तगतको खाँडो पुल नजिकै अपराधिक समुहले गोली हानी हत्या गरेका थिए । २०६४ साल कार्तिक १७ गते बसेको मन्त्री परिषदको बैठकले स्व.यादवलाई कर्मचारी शहिद घोषणा गरेको थियो ।

# उम्मेदवार प्रतिनिधिहरुको विवरण झिकाउन आदेश

**राजविराज**/उच्च अदालत जनकपुर, राजविराज इजलासले राजविराज नगरपालिका वडा नं. ४ को मतगणना सम्बन्धी विवाद निरुपणका लागि अदालतले मतगणनामा बसेका उम्मेदवार प्रतिनिधिहरुको विवरण झिकाउन आदेश जारि गरेको छ ।

उच्च अदालत जनकपुर राजविराजका न्यायाधिश नातीबाबु लामिछाने र तेजनारायण सिंहको संयुक्त इजलासले विहीवार सो मुद्दा उपर सुनवाई गर्दै यस्तो आदेश जारी गरेको हो ।

गत २०७९ बैशाख ३० गते भएको स्थानीयतहको निर्वाचनमा उक्त वडाको वडा अध्यक्ष पदमा एक मतले दिनेश प्रसाद साह विजयी हुदा स्वतन्त्र उम्मेदबार काशिम अंसारीले मतगणना त्रुटीपूर्ण भएको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालय र राजविराज नगरपालिकाको कार्यालयलाई विपक्षी बनाई पुन: मतगणनाको माग गर्दै अदालतमा मुद्दा दायर गरेका थिए ।

त्रुटिपूर्ण मतगणना कार्य बदर गरी पुन: गणना कार्य दोहर्याई पाउँ भन्दै अंसारीबाट मुदा परेपछी यस अघि नै अदालतले जिल्ला निर्वाचन कार्यालयबाट सो वडाको मतपत्र सहितको पेटिका समेत झिकाई सकेको छ ।

पछिल्लो आदेशमा उक्त वडाको निर्वाचनमा उम्मेदवार भएकाहरुले मतगणना कार्यमा खटाएका प्रतिनिधी सम्बन्धि फाईल समेत निर्वाचन कार्यालय सप्तरी राजविराजबाट अविलम्ब झिकाउनु भनी आदेश जारी गरेको छ ।

उक्त वडामा १ हजार ५ सय २२ मत खसेको थियो । जसपाका तर्फ नवनिर्वाचित वडा अध्यक्ष साहले ३ सय १२ मत ल्याउँदा स्वतन्त्र उम्मेदवार अंसारीले ३ सय ११ मत ल्याएको मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा सार्वजनिक गरिएको अन्तिम परिणाममा उल्लेख छ ।

# भारतीय राजदुतबाट अस्पताल तथा विद्यालय भवनको उद्घाटन

**राजविराज**/नेपालका लागि भारतीय राजदुत नवीन श्रीवास्तवले अस्पताल तथा विद्यालय भवनको एक समारोहबीच शुक्रबार उद्घाटन गरेका छन् ।

भारतीय दूताबासको आर्थिक सहयोगमा सप्तरीमा करिब दुई दशकअघि प्रदान गरेको पाँच वटा बिभिन्न योजनाहरुमध्ये राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालको प्रसुती भवन र बोरिया तथा ब्रम्हपुर मावि भवनको उदघाटन भएको हो ।

भारतीय राजदुत श्रीवास्तावलेती योजनाहरुको उद्घाटन गर्दै भारत सधैं नेपालको विकासका लागि अग्रसर रहेको बताउँदै सप्तरीसहित नेपालको विकासकालागि थप काम अगाडी बढाउने प्रतिबद्धता समेत जनाए ।

यता बाँकी रहेको कन्या छात्राबास र कुनौली फत्तेपुर सडकको निर्माण काम अझ अधुरा रहेकाले कसरी पूरा गर्न सकिन्छ भन्ने विषयमा दुईतर्फी छलफल गरेर अगाडी बढ्ने उनले जनाए ।

भवन उद्घाटन कार्यक्रममा प्रतिनिधि सभा सदस्य दिनेशकुमार यादवले भारतीय अनुदानले सप्तरीमा रहेका अधुरा योजनाहरु सम्पन्न गराउन राजदुत श्रीवास्तवसमक्ष आग्रह गर्दै थप योजनाहरु प्रदान गर्न आग्रह गरेका थिए ।

जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनारायण साहको अध्यक्षतामा आयोजित कार्यक्रममा राष्ट्रियसभा सदस्यद्वय जितेन्द्र नारायण देव, शेखर सिंह, मधेस प्रदेशसभा सदस्यद्वय सकिल मियाँ र किरण साह तथा विभिन्न स्थानीय तहका प्रमुखसहित विभिन्न राजनीतिक दलका प्रमुख तथा स्थानीयहरुको सहभागिता थियो ।

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# क्यान्सर रोकथाम तथा नियन्त्रणको लागि क्यान्सर रजिस्ट्रेशनको महत्व, आवश्यकता र सम्भावना



उमा काफ्ले

फेब्रअरी ४ मा विश्व क्यान्सर दिवस ! आज धेरै जसो सामाजिक संजालका वालहरु HAPPY WORLD CANCER DAY भनेर सजिएका होलान् । म पनि त्यही वाक्य लेखेर वाल सजाउने योजनामा थिए । आखिर कैले सम्म हामी सामाजिक संजालका वालमा मात्र सिमित रहने त ? इतिहास हेर्ने हो भने क्यान्सरको स्थिति भयाभह हुँदै आइरहेको हामीलाई थाहा छँदैछ ।

GLOBOCAN को पछिल्लो तथ्यांक अनुसार विश्वमा सन् २०२० मा मात्र एक करोड ९३ लाख नयाँ क्यान्सर बिरामी देखिएका छन् र एक करोड मानिस २०२० मा मात्रै क्यान्सरको कारणले ज्यान गुमाएका छन् । विश्वमा देखिएका सबै क्यान्सर मध्य ५७ प्रतिशत क्यान्सर निम्न तथा मध्यम स्तरको आय भएका देशहरुमा मात्र रहेका छन् साथै क्यान्सरबाट हुने मृत्युको ६५ प्रतिशत हिस्सा यीनै देशहरुले ओगटेको छ ।GLOBOCAN ले गरेको सन् २०४० सम्मको आंकलन हेर्ने हो भने न्युन मानव विकास सुचाङ्ग भएका देशहरु ( जस्तै Niger, Sudan, Burundi लगायतका अन्य अविकसित देशहरु) मा अहिलेको भन्दा ९६ प्रतिशत (लगभग दोब्बर ), मध्यम HDI भएका देश ( जस्तै नेपाल, पाकिस्तान जस्ता विकासशिल देशहरु) मा ६४.७ प्रतिशत, उच्च HDI भएका देशमा ५६.२ प्रतिशत र अति उच्च HDI भएका देश (जस्तै Swizerland, Canada, Australia लगायतका अन्य बिकसित देशहरु) मा ३२.२ प्रतिशत बृद्धि हुने आंकलन गरिएको छ ।

अनुसन्धानका तथ्यांकहरु हेर्दा विकसित देशहरुमा क्यान्सर नभएको होइन तर यिनीहरुको उच्चस्तरीय क्यान्सर रोकथाम तथा नियन्त्रण सम्बन्धि नीति निर्माण तथा कार्यान्वयनसंगै क्यान्सर हुने दर घट्नुको साथै क्यान्सरबाट हुने मृत्युदर घटाउन निकै सफल भएका छन् ।

**नेपालमा क्यान्सरको स्थिति**

नेपाल स्वास्थ्य अनुसन्धान परिषदले गरेको पछिल्लो अनुसन्धान (Nepal Burden या Disease Study, 2019) अनुसार सन् १९९० मा मृत्युको छैठौ प्रमुख कारक तत्वको रुपमा रहेको क्यान्सर २०१९ मा मृत्युको तेस्रो प्रमुख कारक भएको पाइएको छ । विभिन्न अनुसन्धानले देखाए अनुसार नेपालमा प्रति एक लाख मानिसमा १०२ जनालाई क्यान्सर देखिएको छ र प्रति एक लाख मानिसको मृत्यु मध्य ८६ जना मनिस क्यान्सरको कारणले मर्ने गरेको पाइएको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषदले गरिरहेको जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्रीको पछिल्लो रिपोर्ट अनुसार काठमाडौं उपत्यका लगायत देशका विभिन्न नौवटा जिल्लामा मात्रै सन् २०१८ मा ३,३४९ र सन् २०१९ मा ३,२९५ जना नयाँ क्यान्सरका बिरामी दर्ता भएका छन् ।

GLOBOCAN Nepal का अनुसार सन् २०२० मा मात्रै २०,५०८ जना क्यान्सरका नयाँ बिरामी देखिएका छन् तथा १३,६२९ जना मानिसले क्यान्सरको कारणले ज्यान गुमाएका छन् र बढ्दो शहरीकरण, अवस्थकर खानपिन, वायु प्रदुषण, बढ्दो विलाशिता (Physical inactivity) को कारणले यो संख्या बर्सेनी बढिरहेको पाइन्छ । सबै ठाउँमा एकै किसिमको disease pattern देखिन्छ भन्ने छैन, शैक्षिक अवस्था, भोगोलिक अवस्था, खानपिन तथा व्यवहारको कारणले फरक फरक क्यान्सरहरु प्रमुख रुपमा देखिन्छन् । जुन हाल भैरहेको जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री (PBCR) ले प्रस्ट देखाइ रहेको छ । PBCR को पछिल्लो तथ्यांक अनुसार काठमाडौँ उपत्यकामा महिलामा क्रमश: स्तन, फोक्सो, पाठेघरको मुख, पित्तथैली र अण्डाशयको क्यान्सर प्रमुख रहेका छन् भने पुरुषमा क्रमश फोक्सो, पेट, प्रोस्टेट, आन्द्रा र मुत्रथैलीको क्यान्सर प्रमुख क्यान्सरको रुपमा देखा परेको छ ।

मधेश प्रदेशका चारवटा जिल्लामा भइरहेको क्यान्सर रजिस्ट्रीले महिलामा स्तन, पाठेघरको मुख, पित्त थैली,फोक्सो र अण्डाशयको क्यान्सर क्रमश प्रमुख देखिएका छन् भने पुरुषमा मुख, फोक्सो, पेट, पित्त थैली र कलेजोको क्यान्सर देखिएका छन् ।

दुर्गम जिल्लाहरुको प्रतिनिधित्व गर्दै गरिएको रुकुम पूर्व र रुकुम पश्चिम जिल्लाको क्यान्सर रजिस्ट्रीले त्यस जिल्लामा महिलामा फोक्सो, स्तन, पाठेघरको मुख, अण्डाशय र पेटको क्यान्सर प्रमुख रहेका देखाई रहेको छन् भने पुरुषमा फोक्सो, पेट, मुत्रथैली, थाईराईड र प्रोस्टेटको क्यान्सर प्रमुख रुपमा देखा परेका छन् ।

नेपाल सरकारले क्यान्सर बिरामीको लागि उपचार खर्च बापत दिने प्रति व्यक्ति रु एक लाखको दरले एक बर्षमा मात्रै (२०,५०८x१,००,०००) २ अर्ब ५ करोड रुपैया राज्य कोष बाट खर्चिएको छ र यो २०७६ साल देखि दिदै आइरहेको छ । ५ बर्षमा यो खर्च १० अर्ब २५ करोड रुपैया हुन जान्छ तर यो खर्चको प्रभावकारिताको अध्ययन (के कति क्यान्सरका बिरामी के कति वर्ष बाच्न सफल भए (Study on Cancer Survival) भन्ने बारेमा कहिँ कतै पनि केहि अनुसन्धान भएको पाइदैन । के पैसा खर्च गरेर मात्रै सरकारको / सरोकारवाला निकायको कर्तव्य सकिन्छ त ?

**के हो क्यान्सर रजिस्ट्री ? यसको उपयोगिता के का लागि ?**

सामान्य भाषामा भन्नु पर्दा क्यान्सर रजिस्ट्री भनेको क्यान्सर बिरामीको गणना गर्ने कार्य हो । यो एक continuous and scientific प्रक्रिया होजहाँ बिरामीको सामाजिक तथा जनशाङ्खिक (socio–demographic) र क्यान्सर सम्बन्धित (Tumor related) बिबरणहरुको अभिलेख राखिन्छ र हरेक बर्ष बैज्ञानिक तरिकाले विश्लेषण गरि सम्बन्धित निकायलाई रिपोर्ट गरिन्छ । विषेशगरी क्यान्सर रजिस्ट्री तीन प्रकारले गर्न सकिन्छ ती हुन् अस्पतालमा आधारित क्यान्सर रजिस्ट्री (Hospital–based cancer registry), प्रयोगशालामा आधारित क्यान्सर रजिस्ट्री (Pathology–based cancer registry) र जनसंख्यामा आधारित क्यान्सर रजिस्ट्री (Population–based cancer registry) । तीनवटै रजिस्ट्रीको आफ्नो-आफ्नो महत्व र योगदान हुन्छ । Hospital–based र Pathology–based कुनै स्वास्थ्य संस्थामा उपचार तथा निदानको क्रममा आएका बिरामीको आवश्यक विवरण अभिलेख गरिन्छ । यस्ता रजिस्ट्रीले विषेश गरि संथागत विकास गर्न, उपचारको गुणस्तर सुधार गर्नआवश्यक पर्ने जिज्ञासाहरु जस्तै बिरामीले अस्पतालमा दर्ता भए पश्चात निदान तथा उपचारको निम्ति कति समय धबष्तष्लन गर्नु परेको छ ?, बिरामी र स्वास्थ्यकर्मीको अनुपात ठिक छ कि छैन ?, स्वास्थ्य संस्थामा प्रथम पटक आउदा बिरामी कुन चरण (Initial Staging) को क्यान्सर बोकेर आइरहेका छन ? आफ्नो संस्थामा उपचार गराउनु भएका बिरामीको निको दर ( cure rate) कति छ ?, के कति बिरामी आफ्नै स्वास्थ्य संस्थामा पूर्ण उपचार गर्न सम्भब भएको छ ? भन्ने जस्ता आदि इत्यादी कुराको बिबरणदिन्छ जसको आधारमा संस्थाको गुणस्तर बढाउन यिनको ठुलोमहत्व रहन्छ ।

जनसंख्यामा आधिरित क्यान्सर रजिस्ट्री (PBCR) एउटा निर्धारित क्षेत्र (जस्तै कुनै जिल्ला, प्रदेश, पालिका अथवा पुरै देश) समेटेर गरिन्छ र त्सस क्षेत्रमा कुनै निश्चित बर्षमा के कति नयाँ मानिसमा क्यान्सर देखा पर्यो, के कति मानिस क्यान्सरको कारणले मृत्युबरण गरे भन्ने कुराको तथ्यांक संकलन गरिन्छ । यसमा संख्या गणना मात्र नभएर हरेक व्यक्तिको tumor profile को अध्ययन गरि अभिलेख राखिन्छ यसले निर्धारित क्षेत्रको नयाँ क्यान्सर हुने दर (incidence rate), मृत्युदर (:ortality rate), क्यान्सरको ढाचा (disease

बाँकी चार पृष्ठमा


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता

छिन्नमस्ता गाउँपालिका, सप्तरी



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# लोकतन्त्र बलियो हुन प्रेस बलियो हुनुपर्छ : महामन्त्री थापा

**कलैया**/नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले प्रेस स्वतन्त्रता नभए सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत नहुने बताउनुभएको छ ।

बाराको कलैयामा शनिबार आयोजित नेपाल प्रेस युनियन मधेस प्रदेशको प्रथम अधिवेशनको उद्घाटन गर्दै महामन्त्री थापाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत हुन नदिने खेल भइरहेको बताउनुभयो । संविधान मान्ने र नमान्ने दुई पक्ष मुलुकमा देखिएको उल्लेख गर्दै उहाँले संविधान पक्षधर सम्पूर्ण लोकतन्त्रवादी एकजुट हुनुको विकल्प नरहेको बताउनुभयो ।

"प्रेसलाई सङ्कुचन पारेर सङ्घीयतालाई समाप्त पार्ने खेल भइरहेको छ", महामन्त्री थापाले भन्नुभयो- "सबैले सजग र सचेत भई सङ्घीयताको रक्षा गर्ने बेला आएको छ ।" कांग्रेसलाई कमजोर पार्नका निमित्त र मुलुकमा अधिनायकवाद लाद्न तथा अस्थिरता सिर्जना गर्ने प्रयास भइरहेको उहाँको भनाइ थियो । देशलाई विकास र समृद्धितर्फ उन्मुख गराउन तथा विधिको शासन सही दिशामा डोऱ्याउनका लागि पनि एमाले बाहेकका पार्टीको तर्फबाट राष्ट्रपति बनाउनुपर्ने महामन्त्री थापाको धारणा थियो ।

नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कर्णको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्साल, नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटी, पूर्व केन्द्रीय सदस्य गुरुराज बराल, नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति चन्द्रशेखर यादव, संविधानसभा सदस्य डा शोभाकर पराजुली, युनियनका महासचिव दिलीप पौडेललगायतले प्रेसलाई अङ्कुश लगाउने कार्य सह्य नहुने बताउनुभयो ।

## स्थापना दिवसमा बालबालिकालाई शैक्षिक सामाग्रि प्रदान

**राजविराज**/प्रेस सेन्टर नेपालको १९औं स्थापना दिवसको अवसरमा राजविराज वडा नं. ८ स्थित राष्ट्रिय प्राथमिक अधारभूत विधालयका वालवालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

मधेश प्रदेशसभा सदस्य माला कर्णले विधालयका ३५ जना वालवालिकाहरूलाई ५/५ वटा कापी र २/२ वटा डटपेन वितरण गरेकी हुन् ।

शैक्षिक सामग्री वितरण गर्ने क्रममा प्रदेशसभा सदस्य कर्णले आगामी दिनमा प्रदेशका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारको निम्ति आफूले प्रदेश सरकारसँग पहल गर्ने बताइन् ।

सो अवसरमा प्रेस सेन्टर नेपालको जिल्ला समन्वय समिति सप्तरीका अध्यक्ष दिनानाथ यादव, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ललिता साह, प्रेस सेन्टर नेपालको प्रदेश महासचिव गोपाल प्रसाद गुप्ता, सचिव ध्रुव कुमार मंडल, जिल्ला उपाध्यक्ष कमानन्द माझी, कोषाध्यक्ष जितेन्द्र गुप्ता लगायत विधालयका महिला शिक्षकहरुको समेत उपस्थिति रहेको थियो ।

## एक सय अतिविपन्नलाई कम्बल प्रदान

**राजविराज**/राजविराज नगरपालिकाका एक सय अति विपन्न, दलितलाई कम्बल वितरण गरिएको छ ।

राष्ट्रिय सहकारी बैंक राजविराज शाखा र बैंकका शेयर सदस्य जनज्योती कृषि सहकारी संस्थाको संयुक्त आर्थिक सहभागितामा उक्त कम्बल वितरण गरिएको हो ।

राजविराज नगरपालिका वडा नं. ९ मलेठ र वडा नं. १० दिघवाका एक सय विपन्न तथा दलितलाई बस्तीमै पुगेर कम्बल वितरण गरिएको बैंकका संचालक विश्वनाथ मण्डलले जानकारी दिए ।

चिसोबाट बच्नका लागि अति विपन्न, दलित बस्तीमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत उक्त कम्बल वितरण गरिएको बैंकका प्रमुख चन्द्रमणि भट्टराईले बताए ।

उक्त अवसरमा बैंकका कर्मचारी देवनारायण यादव, सहकारी संस्थाका संचालक एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## ३५ जनालाई न्यानो कपडा बितरण

**राजविराज**/चिसोले कष्टकर जिवन बिताइरहेका ३५ जनालाई न्यानो कपडा बितरण गरिएको छ ।

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले राजविराजमा एक कार्यक्रमको आयोजना गरि उक्त न्यानो कपडा बितरण गरिएको हो ।

राहत पाउनेमा विपन्न समुदायका एकल महिला, शारिरीक रुपमा अशक्त, बृद्धबृद्धा देखी यौनिक तथा लैङ्गिक अल्पसंख्यक (तेश्रोलिङ्गि) सम्म छन् ।

जिल्लामा सम्भव त पहिलो पटक यौनिक तथा लैङ्गिक अल्पसंख्यक (तेश्रोलिङ्गी) लाई समेत चिसो छल्न प्रदेश सरकारबाट राहत स्वरुप न्यानो कपडा बितरण गरिएको हो । बितरण गरिएका सामाग्रिहरुमा ब्लायङकेट, न्यानो कपडा र स्याट लगायतका छन् ।

जिल्ला जेष्ठ नागरिक संघ, एकल महिला संघ, समावेशी अपाङ संघ र निलहिरा समाजको समन्वयमा जिल्लाको प्रत्येक पालिकाबाट विपन्न परिवारका सदस्यको चयन गरि उक्त राहत सामाग्रि प्रदान गर्ने व्यवस्था मिलाइएको मन्त्रालयका शाखा अधिकृत राजिवकुमार सिंहले जानकारी दिए ।

न्यानो कपडा बितरण कार्यक्रममा जेष्ठ नागरिक संघका जिल्ला सचिव बैजनाथ झा, समावेशी अपाङ संघका अध्यक्ष सतिशचन्द्र झा लगायतको उपस्थिति रहेको थियो ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी

हनुमाननगर रोड, राजबिराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## बृहस्पतिमा बयानब्बे वटा चन्द्रमा !

**फ्लोरिडा**/खगोलविद्ले बृहस्पतिमा थप १२ वटा चन्द्रमा पत्ता लगाएका छन् । योसँगै सौर्यमण्डलमा सबैभन्दा धेरै चन्द्रमा भएको ग्रह बृहस्पति भएको छ ।

खगोलशास्त्रीहरूले यसअघि शनिमा ८३ वटा चन्द्रमा पत्ता लगाएका थिए । हवाई र चिलीमा गत सन् २०२१ र गत वर्ष टेलिस्कोप प्रयोग गरेर बृहस्पतिका ती नयाँ चन्द्रमा पत्ता लागेका इन्टरनेशनल एस्ट्रोनोमिकल युनियन माइनर प्लानेट सेन्टरले जनाएको छ । पत्ता लागेका नयाँ चन्द्रमा आकारमा ०.६ माइलदेखि दुई माइलसम्मका छन् ।

आगामी एप्रिलमा युरोपेली अन्तरिक्ष एजेन्सीले बृहस्पति ग्रह र त्यसका केही ठूला चन्द्रमाको अध्ययन गर्न अन्तरिक्ष यान प्रक्षेपण गर्दैछ भने अमेरिकी अन्तरिक्ष अनुसन्धान केन्द्र (नासा)ले पनि आगामी वर्ष अर्को यान प्रक्षेपण गर्नेछ ।

खगोलविद्का अनुसार बृहस्पति र शनि साना चन्द्रमाले भरिएका छन् । बृहस्पतिका नयाँ चन्द्रमाको नामकरण हुन बाँकी छ । पत्ता लागेका नयाँ चन्द्रमामध्ये आधा धेरै साना छन् । एजेन्सी

## जापानमा श्वासप्रश्वासका बिरामी ह्वात्तै बढे

**टोकियो**/जापानमा श्वासप्रश्वासका बिरामी ह्वात्तै बढेका छन् । तीन वर्षमा पहिलोपटक बिरामीको सङ्ख्या महामारीको चेतावनीस्तरमा पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय सङ्क्रामक रोग संस्थानले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार यही माघ १५ गतेसम्म राष्ट्रव्यापी प्रति चिकित्सा संस्थामा बिरामीको औसत सङ्ख्या दश दशमलव ३६ पुगेको छ । हरेक स्वास्थ्य संस्थामा १० जना बिरामी आउने अनुमान गरिएकामा तिनमा बिरामी चाप बढेको पाइयो । बढ्दो बिरामीको सङ्ख्याले आगामी चार सातासम्म महामारीको चेतावनीलाई इङ्गित गरेको छ ।

देशका ४७ प्रिफेक्चरमा नियमितरूपमा गरिएका करिब पाँच सय चिकित्सा संस्थाको अनुगमनमा ५१ हजारभन्दा बढी श्वासप्रश्वासका बिरामी फेलापरेका छन् । ओकिनावा प्रिफेक्चरमा सबैभन्दा बढी ४२ दशमलव २३, फुकुईमा पच्चीस दशमलव ३८, ओसाका २४ दशमलव ३४ र फुकुओका २१ दशमलव ७० प्रतिशतले बिरामी बढेका छन् । विगतको भन्दा बेग्लै प्रकृतिका बिरामी बढेका भन्दै स्वास्थ्य विज्ञहरूले रोग अझ फैलनसक्ने चेतावनी दिएका छन् । एजेन्सी

## फ्रान्सको क्यालेस बन्दरगाहबाट भारी मात्रामा लागुऔषध बरामद

**पेरिस**/जनवरी २४ मा क्यालेस बन्दरगाहमा नियमित सवारी गस्तीका क्रममा फ्रान्सेली भन्सार अधिकारीहरूले पोल्याण्डका चालकको गाडीमा ३५० किलोग्राम लागुऔषध बरामद गरेको फ्रान्सेली दैनिक ले फिगारोले शुक्रबार प्रहरी स्रोतलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

बन्दरगाह अधिकारीहरूका अनुसार संदिग्ध व्यक्तिबाट कम्तिमा १७२ किलोग्राम एमडीएमए एक्स्टेसी, १४५ किलोग्राम गाँजाको राल, ३१ किलोग्राम कोकेन र दुई किलोग्राम हेरोइन बरामद गरिएको छ ।

बरामद लागुपदार्थको अनुमानित कुल मूल्य चार मिलियन युरो (४.४ मिलियन अमेरिकी डलर) रहेको छ । एजेन्सी

## ताइवान मामिलामा हस्तक्षेप नगर्न चीनको आग्रह

**बेइजिङ**/संयुक्त राज्य अमेरिकाले ताइवानका विषयमा हस्तक्षेप नगर्न र ताइवान जलडमरूमा क्षेत्रमा तनाव निम्त्याउने कुनै प्रकारका गतिविधि नगर्न विदेश मन्त्रालयका प्रवक्ताले शुक्रबार उल्लेख गरेका छन् ।

अमेरिकी केन्द्रीय गुप्तचर एजेन्सीका प्रमुख विलियम बर्न्सको हालैको प्रतिक्रियाका विषयमा सोध्दा प्रवक्ता माओ निङले उक्त टिप्पणी गरेकी हुन् । जसले ताइवानप्रति चिनियाँ नेताको महत्वाकांक्षालाई कम आँकलन गर्न नहुने बताए तापनि रुसको कार्यसम्पादनबाट उनी संकुचित छन् ।

"ताइवान चीनको एक अविभाज्य भाग हो। ताइवानको विषय पूर्णतया चीनको आन्तरिक मामिला हो", प्रवक्ता माओले भनिन् ।

प्रवक्ता माओले ताइवानको विषय र र युक्रेन मुद्दा भिन्न प्रकृतिका छन् र तुलना गर्नै नमिल्ने प्रतिक्रिया दिएकी छन् ।

उनले ताइवान प्रश्नको समाधान चिनियाँहरूको विषय भएको र त्यसको निर्णय चिनियाँहरूले नै गर्नुपर्ने बताउँदै अमेरिकाले यस विषयमा अनावश्यक चासो लिन उपयुक्त नहुने धारणा राखेकी हुन् । एजेन्सी

# बालविवाह गरेर भारततर्फ लैजादै गर्दा भारतीय बेहुलासहित तीन पक्राउ



४२ वर्षिय वेहुला गुलाब जीलानी | ४० वर्षिय मो. रफिक खान | २७ वर्षिया नुरजहान

**राजविराज**/बालविवाह गरेर भारततर्फ लैजादै गरेको अवस्थामा ४२ वर्षिय भारतीय बेहुलासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

एक १७ वर्षिया किशोरीसँग बालविवाह गरेर भारततर्फ जाँदै गरेको अवस्थामा सप्तरीको राजगढ गाउँपालिका २ बनैनिया क्षेत्रबाट सशस्त्र प्रहरीबल नेपाल बोर्डर आउट पोस्ट बनैनियाको टोलीले उनीहरुलाई सोधपुछ पश्चात् नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

पक्राउ पर्नेहरुमा भारतको जम्मुकश्मिर राज्य निवासी ४२ वर्षिय वेहुला गुलाब जीलानी र सोही ठाउँका ४० वर्षिय मो. रफिक खान र २७ वर्षिया नुरजहान छन्। उनीहरुसँगै सप्तरीको महादेवा गाउँपालिका १ निवासी १७ वर्षिया किशोरी सलमा (नाम परिवर्तन) लाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

जम्मुकश्मिर निवासी मो.रफिक खान र नुरजहानले नेपालमा विहे गराइदिन्छु भन्दै गुलाब जिलानीलाई लिएर नेपाल आएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनाएको छ। दोश्रो विहे गर्न लागेको गुलाबले आफुले अविवाहित भएको भनी केटी पक्षलाई भुक्याएको स्थानीयले बताएका छन्।


पक्राउ परेकाहरुलाई मंगलवार बालविवाह सम्बन्धि कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थपेर अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ।

बालविवाह गर्ने गराउने दुबैलाई कारवाही हुने कानुनी प्रावधान छ। यस्तै बालविवाहमा कसुर हेरी ५० हजार देखि ५ लाख रुपैया सम्म जबिरवाना र १५ वर्ष सम्म कैदको व्यवस्था रहेको छ।

# १६ हजार लिटर डिजल चोरी घटनामा दुई पक्राउ







**राजविराज**/सप्तरी प्रहरीले १६ हजार लिटर डिजल ट्यांकरबाटै चोरी घटनामा संलग्न रहेको आरोपमा एक आयल स्टोरका संचालकसहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा सप्तरीको खडक नगरपालिका वडा नं. ७ घर भएका भण्डार आयल स्टोरका संचालक ३५ वर्षिय श्याम कुमार साह र सप्तरीकै कञ्चनरुप नगरपालिका वडा नं. ९ बस्ने २९ वर्षिय नबराज भुजेल छन्। संचालक साहले चोरीको डिजल खरीद गरेको तथा भुजेल ट्याङकरबाट डिजल चोरी गरी बेचेको आरोपमा पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार माघ ११ गते बिहान नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगंज डिपो बाराबाट को.१ख. ३६५५ नम्बरको टयाङकरमा २० हजार लिटर डिजल लोड गरी नेपाल आयल निगम १ नम्बर प्रदेश प्रादेशिक कार्यालय बिराटनगरतर्फ लैजाने क्रममा सोही दिन साँझ ट्याङकर चोरी भएको थियो।

ट्याङकर चालक सप्तरीको कञ्चनरुप नगरपालिका वडा नं. ९ बस्ने ४५ वर्षिय बिनोद कुमार भुजेलले उक्त ट्याङकर साँझ ७ बजेतिर कञ्चनरुप नगरपालिका वडा नं. ८ स्थित बि.कि. पम्पमा पार्किङ्ग गरी घर गएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी नरेश सिंहले जानकारी दिए।

उक्त ट्याङकर माघ १५ गते बिहान ९ बजेतिर जिल्लाकै शम्भुनाथ नगरपालिका वडा नं. २ खैरबना भन्ने स्थानमा बेबारिसे अवस्थामा फेला परेको उनले बताए। फेला परेको ट्याङकर चेक जाँच गर्दा ५ वटा च्याम्बरमा रहेको ४ हजार लिटरको दरले २० हजार लिटर डिजल मध्ये ४ वटा च्याम्बर खाली रहेको र एक वटा च्याम्बरमा मात्र डिजल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

डिएसपी सिंहका अनुसार नेपाल आयल निगमले सिलबन्दी गरेको उक्त टयाङकरको सिलबन्दी तोडिएकाले डिजल चोरी भएको भन्दै घटनाको अनुसन्धान थालिएपछि नेपाल आयल निगम १ नं.प्रदेश प्रादेशिक कार्यालय बिराटनगरका कर्मचारी तथा नेपाल प्रहरी समेतको संयुक्त टोलिले छानविन तथा चेक जाँच गर्ने क्रममा चोरी घटनामा ती व्यक्तिहरुको संलग्नता रहेकोले पक्राउ गरिएको हो।

दुबै जनालाई प्रहरीले माघ १६ गते नियन्त्रणमा लिई चोरी मुद्दा शिर्षक अन्तर्गत मंगलबार जिल्ला अदालत सप्तरीबाट म्याद थप गराई थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ।

# ठगि गर्ने दलाल तथा व्यवसायीलाई कारवाहीको माग गर्दै ज्ञापन

**राजविराज**/आप्रवासी हकहित सञ्जाल सप्तरीले आप्रवासीहरुलाई ठगि गर्ने दलाल तथा व्यवसायीलाई कानुन अनुसार हदैसम्मको कारवाहीको माग गर्दै न्यालीसहित प्रमुख जिल्ला अधिकारीमार्फत विभिन्न निकायमा ज्ञापन पत्र बुझाएको छ।

राजविराजस्थित स्थानिय शिव मन्दिरको प्राङ्गणबाट प्लेकार्ड, ब्यानरसहित निकालिएको न्यालीमा शुन्यलागतमा कामदार पठाउने व्यवस्था कार्यान्वयन गर, १९ जनाको क्षतिपूर्ती तत्काल चुक्ता गर, पीडित आप्रवासीमाथी लगाइएको झुठा मुद्दा खारेज गर, अन्यायमा परेका आप्रवासीलाई न्याय दे लगायतका माग राख्दै जिल्ला प्रशासन कार्यालय पुगि प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई ज्ञापन पत्र बुझाएको हो।

आप्रवासी हकहित सञ्जाल सप्तरीका अध्यक्ष जितेन्द्र प्रसाद सिन्हाले बुझाएका ज्ञापन पत्रमा ठगि गर्ने खोजी रिक्रटमेन्ट प्रालिलाई कानुन अनुसार कारवाही, पीडित आप्रवासी युवाहरुलाई यथासिघ्र न्याय प्रदान गर्न र झुठा मुद्दा खारेज, बैदेशिक रोजगार व्यवसायीहरुको व्यवस्था खारेज गरि सरकार जी टु जि सम्बन्धी व्यवस्था मिलाई सरकारी स्तरबाट पठाउने व्यवस्थाका माग गरिएको छ।

त्यस्तै बैदेशकि रोजगारीका क्रममा ज्यान गुमाउने र अंगभंग भएका कामदारका परिवारलाई जिविकोपार्जनका आधार सृजना, उध्मशिलता बिकास तालिम, प्रविधी र पुँजी सहितको बिशेष कार्यक्तमहरुको व्यवस्था गरी कार्यान्वयन गर्न लगायतमा १० बुँदे माग गरिएको छ।

उक्त ज्ञापन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशसमेतलाई बोदार्थ गरिएको छ।

# हुकिङ गरि विद्युत चोरी गर्नेहरु पक्राउ

**राजविराज**/बिद्युत चोरी गरिरहेको अवस्था प्रहरीले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट ९ जनालाई पक्राउ गरेको छ।

हुकिङ गरि विद्युत चोरी गरिरहेको अवस्थामा उक्त गाउँपालिकाका इजरायल मन्सुरी, जमुनम मन्सुरी, रामचुनाम मन्सुरी लगायत ९ जना पक्राउ परेको बितरण केन्द्रका प्रमुख मधुसुधन यादवले जानकारी दिएका छन्।

नेपाल विद्युत प्राधिकरण राजविराज बितरण केन्द्रका कर्मचारीको नेतृत्वमा गएको प्रहरीसहितको टोलीले उनीहरुलाई पक्राउ गरेको हो।

केन्द्रले ग्राहकका लागि प्रयोगमा ल्याएको विद्युतीय पोलमा हुक लगाई विद्युत चोरी गरिरहेको अवस्थामा पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालयमा बुझाइएको उनले जानकारी दिए।

पक्राउ परेकाहरुबाट कानुन बमोजिम जरिवाना असुलेर सचेत गरेर छाडिने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

केही दिन यता विद्युत चुहावट रोक्न केन्द्रले प्रहरीको सहयोगमा गाउँ गाउँमा पुगेर विद्युत चोरी नियन्त्रण अभियानलाई तिब्रता दिनुका साथै विद्युतीय सामाग्रि पनि जफत गर्न थालेको छ।

विद्युत चोरीमा संलग्नहरुलाई कारवाही गर्न थालिएपछि विद्युत हुकिङ गरेर चोरी गर्नेको संख्या केही घटेपनि पूर्ण नियन्त्रणमा भने आइनसकेको र अभियान जारि रहने बितरण केन्द्रले जनाएको छ।

### मधेश प्रदेशको ...

शेख अब्दुल कलाम आजाद सामाजिक विकास राज्यमन्त्री, केशब राय गृह तथा सञ्चारराज्यमन्त्री र सञ्जयकुमार यादव भूमि व्यवस्था तथा कृषि राज्यमन्त्री बनेका छन्।

यता माओवादी केन्द्रले २ वटा मन्त्रालय मागेको थियो। मुख्यमन्त्री सरोज यादवले माओवादीका भरतप्रसाद साहलाई उद्योग, पर्यटन तथा वनमन्त्री बन्न प्रस्ताव गरेका थिए। तर माओवादी तयार नभएपछि सरकारमा सहभागी भएन।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था

रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।

आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।

विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।

प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।

नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।

उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।

सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।

सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।

सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।

व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।

कृषि पेशालाई प्रोत्साहन गर्ने संस्था।

सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।

त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*